# Barun Hydropower Company Ltd.
# बरुण हाईड्रोपावर कम्पनी लि.

Regd. No. 26781/060/061
PAN No. 301617998


च नं : ०९४ /२०८३-०८४
पं सं :

मिति २०८३/०६/२६

**श्री नेपाल धितोपत्र बोर्ड**
खुमलटार, ललितपुर

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड**
सिंहदरबार प्लाजा, काठमाडौं

**कम्पनी रजिष्ट्रार कार्यालय,**
त्रिपुरेश्वर, काठमाण्डौं ।

**सि. डि. एस एण्ड क्लियरिङ्ग लिमिटेड**
पुतलिसडक, काठमाण्डौं

**विद्युत नियमन आयोग**
सानो गौचरण काठमाण्डौं

**श्री आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेड,**
टेकु, काठमाण्डौं ।

विषय : जानकारी गराएको बारे ।

महोदय,

उपरोक्त विषयमा यस बरुण हाईड्रो पावर कम्पनी लिमिटेडको मिति २०८३/०६/२६ गते अपरान्ह ४:०० बजे बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको आ.व. २०८२/०८३ को वार्षिक साधारण सभा मिति २०८३/०७/२० गते (तद्नुसार नोभेम्वर ०६, २०२६) गर्ने निर्णय भएको तथा बार्षिक साधारण सभाका लागि मिति २०८३/०७/११ गते शुक्रबार बुकक्लोज मिति तोक्ने निर्णय भएको व्यहोरा अनुरोध छ । साथै सो सूचना मिति २०८३/०६/२७ र २८ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिने व्यहोरा जानकारी गराइन्छ । प्रकाशित हुने सुचनाको नमुना यसै पत्र साथ संलग्न गरीएको छ ।

भवदीय,

.................

कम्पनी सचिव

**बरुण हाइड्रोपावर कम्पनी लिमिटेड**
केन्द्रिय कार्यालय, काठमाण्डौ ।
फोन नं., ०१-५७०५६०८

***२३ (तेईस) औं बार्षिक साधारण सभा सम्वन्धि सूचना***

**श्री शेयरधनी महानुभावहरु,**

यस बरुण हाईड्रोपावर कम्पनी लिमिटेडको मिति २०८३/०६/२६ मा सम्पन्न संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको २३ (तेईस) औं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनीहरु महानुभावहरुको जानकारी एवम् समुपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

स्थान : स्मार्ट दरबार, शंखपार्क, काठमाण्डौं ।
मिति : २०८३/०७/२० गते शुक्रबार (तद्नुसार नोभेम्बर ०६, २०२६)
समय : विहान ९.३० बजे ।

**छलफलका लागि प्रस्तावित विषयहरु :**

(क) **सामान्य प्रस्तावहरु :**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८२/०८३ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने ।

(३) आ.व.२०८३/०८४ को लागि लेखापरीक्षण कार्य गर्न लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।

(४) संचालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरु अनुमोदन गर्ने ।

(५) कम्पनीमा रिक्त रहने ४ जना संचालकहरुको निर्वाचन गर्ने ( संस्थापक शेयरधनीहरुबाट ३ जना तथा सर्वसाधारण शेयरधनीबाट १ जना)

(६) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०८२/०८३ सम्म कायम चुक्ता शेयरपुँजी रु.१,१२,२५,३२,४२५/- ( एक अर्व बाह्र करोड पच्चिस लाख बत्तीस हजार चार सय पच्चिस रुपैया) को ०.२५ प्रतिशत अर्थात रु.२८,०६,३३१.०६/ नगद लाभांश ( बोनश शेयरमा लाग्ने कर प्रयोजन)का लागी स्विकृत गर्ने ।

(ख) **विशेष प्रस्तावहरु:**

(१) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०८२/०८३ सम्म कायम चुक्ता शेयरपुँजी रु.१,१२,२५,३२,४२५/- ( एक अर्व बाह्र करोड पच्चिस लाख बत्तीस हजार चार सय पच्चिस रुपैया) को ४.७५ प्रतिशत का दरले हुने रु ५,३३,२०,२९०.१८ बराबरको बोनश शेयर वितरण गर्न स्विकृती प्रदान गर्ने ।

BARUN HYDROPOWER COMPANY LTD.
ESTD-2060

(२) कम्पनीको अधिकृत, जारी तथा चुक्ता पुँजी बृद्धि गर्ने ।

(३) संचालक समितिबाट निर्णय भए बमोजिम कम्पनीको बोनश शेयर वितरण पश्चात कायम हुन आउने चुक्ता शेयर पुँजी रु.१,१७,५८,५२,७१५.१८/ को १:१ अर्थात एक शेयर बराबर एक हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

(४) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधन नियमनकारी निकायबाट कुनै फेर बदल वा सुझाव आएमा आवश्यक थपघट, संशोधन समायोजन गर्न संचालक समितिलाई अख्तियारी दिने ।

(ग) **विविध ।**

**साधारण सभा सम्बन्धी थप जानकारी :**

१. साधारण सभा प्रयोजनका लागि मिति २०८३/०७/११ गते बुधबारका दिन यस कम्पनीको शेयर दर्ता पुस्तिकाबन्द रहने छ । साथै शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा भएको कारोवारबाट कायम भएका शेयरधनीहरुले मात्र कम्पनीको संचालक समितिको निर्वाचनमा मतदान गर्न , बार्षिक साधारण सभामा भाग लिन तथा बोनस शेयर प्राप्त गर्न सक्नेछन् ।

२. बार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ ।

३. शेयरधनी महानुभावहरुको उपस्थितीका लागि शेयरधनी उपस्थिती पुस्तिका विहान ९:०० वजे देखि खुल्ला रहनेछ।

४. बार्षिक साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रिय कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । कम्पनीको शेयरधनी वाहेक अरुलाई प्रोक्सी दिन पाईने छैन ।

५. एक जना शेयरधनीले एक भन्दा बढी प्रतिनिधी (प्रोक्सी) मुकरर गरेमा सवै प्रतिनिधी (प्रोक्सी) स्वत: बदर हुनेछ। तर प्रतिनिधी (प्रोक्सी) नियूक्त गरिसके पछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधीपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधीपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने व्यहोराको छुट्टै पत्र सहित प्रोक्सी फारम कम्पनीको केन्द्रिय कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तीमा २४ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधी (प्रोक्सी) स्वत: बदर भएको मानी पछिल्लो प्रतिनिधी (प्रोक्सी) लाई मान्यता दिइनेछ ।

६. प्रनिनिधी नियूक्त गरि सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधी (प्रोक्सी) स्वत: बदर हुनेछ ।

७. संचालक निर्वाचन सम्बन्धि कार्यक्रम कम्पनीको सुचना पाटीमा टाँस गरिने छ ।

८. साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, काठमाण्डौमा सम्पर्क राख्नहुन समेत अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव